# म्याग्दी जिल्लाको शैक्षिक परिदृश्य र हाम्रो दायित्व

विष्णुनारायण श्रेष्ठ
जिल्ला शिक्षा अधिकारी,म्याग्दी

यो सानो लेख लेखिरहँदाको मितिसम्म आइपुग्दा लेखक म्याग्दी जिल्लामा जिल्ला शिक्षा अधिकारीको रुपमा काम गर्न थालेको २ वर्ष २ महिना पुगेछ । लेखकलाई यस बीचमा यस जिल्लाको सामाजिक , आर्थिक, भौगोलिक, शैक्षिक , धार्मिक , साँस्कृतिक एवम् ऐतिहासिक पक्षहरुको बारेमा केही न केही जानकारी प्राप्त गर्ने अवसर मिल्यो । खासगरी एक शिक्षाकर्मीका नाताले यस जिल्लाको अन्य पक्षहरुको तुलनामा शैक्षिक पक्षको बढी जानकारी राख्नु वा हुनु स्वाभाविक हो । जिल्लाको शैक्षिक उन्नयनका खातिर जिल्ला शिक्षा कार्यालय म्याग्दीले अगाडि बढाएका योजना,कार्यक्रम र अनुरोध एवम् आग्रहलाई सधै सकारात्मक भै रचनात्मक सहयोग पुऱ्याउने यस जिल्लाका राजनीतिक दल, शिक्षकका पेसागत संघ संगठन, सरकारी एवम् गैरसरकारी संघसंस्था, नागरिक समाज, सञ्चारकर्मी,स्वदेश तथा विदेशमा रोजगारी गर्ने म्याग्देली दाजुभाइ तथा दिदिबहिनीहरुमा आभार एवम् धन्यवाद व्यक्त गर्दछु । खासगरी जिल्लामा क्रियाशील राजनीतिक दल,शिक्षकका पेसागत संघसंगठन, जिल्ला विकास समिति म्याग्दी, सञ्चारकर्मी,प्लान नेपाल,रुम टु रिड,गाजा युवा क्लब, असल छिमेकी नेपाल, प्याब्सन,रिड नेपाल,मोना हङकङ,मोना युके, महावीर पुन,राधाकृष्ण पराजुली जस्ता संघ संस्था तथा शिक्षाप्रेमी/समाजसेवी महानुभावहरुबाट म्याग्दी जिल्लाको शैक्षिक विकासमा पुऱ्याइएको प्रत्यक्ष वा परोक्ष सहयोग तथा योगदानलाई सम्झनै पर्ने हुन्छ र जिल्ला शिक्षा कार्यालय म्याग्दी आभार एवम् धन्यवाद व्यक्त गर्दछ ।

जुन जिल्ला वा क्षेत्रमा राजनीतिक सहमतिको संस्कार हुन्छ त्यस जिल्ला वा क्षेत्रको समग्र विकासमा सकारात्मक परिणाम देखिने कुरामा कसैको विमति नहोला । लेखकको बुझाइ र अनुभवमा म्याग्दी जिल्लामा क्रियाशील सबै राजनीतिक दलहरु र पेसागत संघसंस्थाहरु बीचको आपसि सहिष्णुता र सहकार्य तथा सहमतिको संस्कार एवम् एक अर्काप्रति सम्मान गर्ने अनुकरणीय परम्परा र संस्कृतिको नमूना नै रहेछ । यसैको परिणामस्वरुप म्याग्दी जिल्लाले आफूलाई खुल्ला दिसामुक्त जिल्लाको रुपमा घोषणा गर्न सफल भएको छ भने निकट भविष्यमा पूर्ण खोपयुक्त जिल्लाको रुपमा घोषणा गर्ने अवस्थामा पुग्दैछ । अब भने म्याग्दी जिल्लाले शिक्षा क्षेत्रका निम्नानुसारका कार्यमा पूर्णता दिई नेपालकै पहिलो नमूना जिल्लाको रुपमा आफूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन सक्नुपर्छ र त्यस लाइनमा हामी शिक्षाकर्मी सबैको ध्यान जानु जरुरी छ :

**१) विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना भएको सुनिश्चित गरी कम्तीमा आधारभूत शिक्षा प्राप्त गर्नबाट यस जिल्लाका कुनैपनि बालबालिका बञ्चित नभएको सार्वजनिक घोषणा गर्दै त्यसलाई दिगो राख्न सक्नुपर्छ ।**

**२) ५ वर्ष भन्दा बढी उमेरका अझै पनि १९% पुरुष र करिब ३६% महिलाहरु निरक्षर रहेको यस जिल्लाले बढीमा २ वर्षभित्र आफूलाई पूर्ण साक्षर जिल्लाको रुपमा घोषणा गर्न सक्नुपर्छ।**
**३) नेपालको सन्दर्भमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर दिनानुदिन खस्किदो अवस्थामा रहेको भन्ने गुनासो व्याप्त रहेको परिप्रेक्ष्यमा म्याग्दीका सामुदायिक विद्यालयले आ–आफ्ना विद्यालयमा अध्ययनरत विद्यार्थीको शैक्षिक उपलब्धि उच्च रहेको प्रत्याभूत गर्न सक्नुपर्छ ,त्यसको लागि आवश्यक पर्ने शैक्षिक वातावरण सिर्जना गर्न गराउन सबैपक्षबाट समयमा नै सहयोग पुऱ्याउन किञ्चित चुक्नुहुँदैन।**
**४) म्याग्दीका प्रत्येक विद्यालयले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापमा अधिकतम उपयोग गर्दै समयको माग र विद्यार्थीको आवश्यकता पूरा गर्ने सोंचका साथ " ICT in Education" लाई कार्यान्वयनमा ल्याउनुपर्छ।**
**५) प्रत्येक विद्यालयमा पुस्तकालय स्थापना गरी त्यसको अधिकतम प्रयोग गर्न गराउन सक्नुपर्छ।**
**६) विद्यालय र विद्यार्थीलाई पूर्ण शान्ति क्षेत्रको रुपमा ग्रहण गर्दै सबै पक्षले त्यसको कार्यान्वयनमा मूर्तरुप दिनुपर्छ।**

माथि उल्लिखित शैक्षिक अभियानलाई पूरा गर्न गराउन म्याग्दीका हामी सबै सरोकारवालाहरुबाट करिब १ वर्ष अगाडि जारी गरिएका २१ बुँदे म्याग्दी शैक्षिक घोषणा पत्रलाई आ–आफ्नो कार्ययोजनामा सम्बोधन गर्नुपर्छ।
अव यहाँ म्याग्दी जिल्लाको वर्तमान शैक्षिक अवस्थाका बारेमा केही तथ्याङ्क प्रस्तुत गरिन्छ :

**१) एस्.एल्.सी. २०६७ ,२०६८ र २०६९ मा म्याग्दी जिल्लाको उपलब्धिस्तर ( सामुदायिक विद्यालयको मात्र ):**

तालिका नं.१ ( तालिका आफै बोल्छ )

| विषय | शै.सत्र २०६७शशशमम | | शै.सत्र २०६८ | | शै.सत्र २०६९ | |
|---|---|---|---|---|---|---|
| | जिल्लाको औषत अंक | उच्चतम औषत अंक | जिल्लाको औषत अंक | उच्चतम औषत अंक र सो प्राप्त गर्ने विद्यालय | जिल्लाको औषत अंक | उच्चतम औषत अंक र सो प्राप्त गर्ने विद्यालय |
| अंग्रे | ३१.० | ४६.० | | ४३.० | ३२.१ | ४८.९ |
| नेपा | ५२.१८ | ६७.१ | | ६५.० | ४९.८ | ६०.० |
| गणि | ४३.७ | ६४.० | | ६२..५ | ४९.९ | ७७.१ |
| विज्ञा | २९.६ | ४७.० | | ४१.० | ३१.४ | ५०.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| साम. | ४८.९ | ५६.८ | | ५६.१ | ४६.० | ५८.२ |
| स्वा | ३८.१ | ४७.० | | ५४.० | ३७.४ | ४८.२ |

**२) शैक्षिक सत्र २०६८ र २०६९ को सामुदायिक विद्यालयको कक्षागत औषत सिकाइउपलब्धि:**

तालिका नं.२ ( तालिका आफै बोल्छ ) :

| शै.सत्र | दुइ शैक्षिक सत्रको कक्षागत औषत अङ्क | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
| २०६८ | ४८.८ | ४९.७ | ४९.४ | ४४.७ | ४८.२ | ३९.३ | ४२.१ | ४५.२ | ४०.५ | ४८.८ |
| २०६९ | ५०.७ | ५०.९ | ५०.३ | ४५.१ | ४६.८ | ४१.० | ४२.६ | ४५.५ | ४२.९ | ४९.० |

शैक्षिक सत्र २०६८ र २०६९ को कक्षागत ( SLC समेतको ) शैक्षिक उपलब्धिलाई माथिका तालिकामा प्रस्तुत गरिएको छ । कक्षा ५ मा बाहेक अन्य कक्षाहरुको औषत सिकाइ उपलब्धिअगिल्लो शैक्षिक सत्र २०६८को तुलनामा २०६९ मा थोरै मात्रामा भए पनि वृध्दि भएको देखिन्छ । यसले सामान्य सुधारको संकेत गरेको छ तर हामी सरोकारवालाहरुले धेरै परिश्रम गर्नु पर्ने छ ।

यस जिल्लामा सञ्चालित विभिन्न तहका केही सामुदायिक विद्यालयहरुले पछिल्ला वर्षहरुमा आशालाग्दो सफलता प्राप्त गरेका छन् । विद्यालयको भौतिक पक्ष, अभिलेख व्यवस्थापन, पुस्तकालयको प्रयोग , बालमैत्री शिक्षण, शैक्षिक सामग्रीको निर्माण र प्रयोग ,अतिरिक्त क्रियाकलाप , शिक्षक डायरीको उचित प्रयोग, पाठ्यक्रम कार्यान्वयन आदि पक्षहरुमा सकारात्मक इर्ष्याका साथ सुधारात्मक परिवर्तन गर्दै अगाडि बढेका छन् । कतिपय विद्यालयका सरोकारवालाहरुले आफ्नो प्रगतिलाई आफ्नो इज्जत प्रतिष्ठासँग जोडेर हेर्न थालेका छन् , जुन शैक्षिक सुधारको शुभ संकेत हो ।

व्यवस्थापकीय र शैक्षिक उपलब्धिका हिसाबले विद्योदय निमावि पाल्लेखेत,जनआवाज प्रावि कुहुँ, जनआदर्श प्रावि कोटा, प्रभात प्रावि वावियाचौर, बालजागृति प्रावि पुलाचौर, सिध्द निमावि निस्कोट, कालिका निमावि वेगखोला ,जामुनाखर्क उमावि अर्थुङे, वेनी सामुदायिक उमावि वेनी, सिध्दशान्ति मावि कुहुँ , आदि विद्यालयहरु निकै अगाडि बढेका छन् भने कतिपय विद्यालयहरु जस्तै दीपक मावि पाल्लेखेत,जनविकास मावि मराङ, आदर्श मावि रीमा,रितुङ मावि कुइनेमङ्गले , राष्टिय मावि घतान आदि विद्यालयहरुको भौतिक पक्ष त्यति सन्तोषजनक नभएपनि उपलब्धिका दृष्टिकोणले अगाडि छन् । तर कतिपय विद्यालयहरुको भौतिक र मानवीय पक्ष सबल हुँदाहुँदै पनि उपलब्धिका हिसाबले केही पछाडि परेको देखिन्छ ।

इच्छाशक्ति र जिम्मेवारीबोधका साथ प्रयास गरे उच्च शैक्षिक उपलब्धि प्राप्त गर्न गाह्रो हुँदोरहेनछ भन्ने कुरा यसै जिल्लाको वेनी सामुदायिक उमाविले उदाहरण प्रस्तुत गरेको छ । राष्टियस्तरमा सर्वोत्कृष्ट स्थान हासिल गरेर वेनी सामुदायिक उमाविले आफ्नो इज्जत र प्रतिष्ठा त बढाएको छ नै साथसाथै म्याग्देली शैक्षिक सरोकार लगायत सबैको शान बढाइदिएको छ । २०६८सालको एस्.एल.सी. परीक्षामा धौलागिरी अञ्चलमा प्रथम स्थान हासिल गराउन सफल रहेको वेनी आमावि, २०६८ मा नै विज्ञान संकाय तर्फ कक्षा १२ मा धौलागिरी प्रथम गराउन सफल प्रकाश उमाविले पनि यो जिल्लाको शैक्षिक उपलब्धिलाई संकेत गर्दछ । यि उपलब्धिहरु केवल संयोग जस्तो नबनोस् यस तर्फ सम्बन्धित विद्यालयहरु विशेष चनाखो रहनुपर्छ । त्यसैगरी जामुनाखर्क उमावि लगायतका विद्यालयहरुले आफ्नो शैक्षिक यात्रालाई सफलतापूर्वक अगाडि बढाएको  अवस्था छ । राम्रो गरेकाले थप राम्रो गर्दै जाऔं र सुधार गर्नुपर्नेले ढिलो नगरी राम्रो गर्नेबाट सिकौं र संस्थाको इज्जतमा आफ्नो इज्जत जोडिएको हुन्छ भन्ने भावनाले ओतप्रोत बनौं ।

नोट :प्रस्तुत लेख शिक्षा दिवस ,२०७० को कार्यक्रममा अतिथि एवम् सहभागीहरुलाई उपलब्ध गराइएको थियो ।